आज मिति २०७८ साल मंसिर महिनाको ७ गते मंगलवारको दिन यस बेसिशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा नगरपालिकाको ७५ औं बैठक बसी तपसिल बमोजिमको उपस्थितिमा तपसिल बमोजिमको छलफल एवं निर्णय गरियो ।

उपस्थिति :—

१, प्रमुख — श्री गुमान सिंह अर्याल
२, उप-प्रमुख — श्री लक्ष्मी देवी अधिकारी
३, प्र.प्र. अधिकृत — श्री इमनाथ कंडेल
४, वडा अध्यक्ष (१) — श्री बलराम श्रेष्ठ
५, —"— (२) — श्री गणेश बहादुर कंडेल
६, —"— (३) — श्री सूर्य कुमार श्रेष्ठ
७, —"— (४) — श्री लाल बीर गुरुङ
८, —"— (५) — श्री बम बहादुर गुरुङ
९, —"— (६) — श्री भोज बहादुर रिमाल
१०, —"— (७) — श्री गोबिन्द बस्नेत
११, —"— (८) — श्री पवित्रा थापा राना
१२, —"— (९) — श्री शरद बराल
१३, —"— (१०) — श्री पुर्ण बहादुर थापा
१४, —"— (११) — श्री अच्युत बाबु बगाले
१५, कार्यपालिका सदस्य — श्री विष्णु माया राना
१६, —"— — श्री मन्दिरा दनाई
१७, —"— — श्री देव बहादुर गहतराज
१८, —"— — श्री अजय मजाकोटी
१९, —"— — श्री मन माया गुरुङ
२०, —"— — श्री दोज बहादुर खवास
२१, —"— — श्री कृष्ण नेपाली
२२, —"— — श्री आशा तामाङ

सहजकर्ता कर्मचारीहरु :—

२३, कार्यक्रम अधिकृत — श्री मैघेन्द्र पोखरेल
२४, अधिकृत — श्री विमला गौंडे
२५, ना.सु. (सहायकस्तर पाँचौं) — श्री गोबिन्द बहादुर राउत

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय, लमजुङ**
**गण्डकी प्रदेश, नेपाल**

*नगर कार्यपालिकाको मिति २०७८ मंसिर ७ गतेको बैठकका एजेण्डाहरु*

- लागत साझेदारीतर्फका योजना छनौट सम्बन्धमा ।
  - सडक कालोपत्रे
  - सामुदायिक भवन
  - दलित सामुदायिक भवन
- फुटकर योजना तथा कार्यक्रम छनौट सम्बन्धमा
- हाते ट्याक्टर खरीद सम्बन्धमा ।
- बजेट ब्रेक डाउन सम्बन्धमा
  - शिक्षातर्फको
  - लघु उद्यमतर्फको (सशर्त तथा नपास्तरीय)
- वडास्तरीय योजना तथा कार्यक्रमहरुको संशोधन/ब्रेक डाउन सम्बन्धमा । (वडा नं ३, ९, ११)
- लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानमा सञ्चालन गर्ने कार्यक्रमको सम्बन्धमा ।
- अपांगता दिवस मनाउने सम्बन्धमा ।
- कोभिड प्रभावित अति विपन्न परिवारलाई नगद हस्तान्तरण कार्यक्रम सम्बन्धमा ।
- सहजीकरण समिति गठन सम्बन्धमा ।
- सुरक्षित नागरिक आवास कार्यक्रमको सम्बन्धमा ।
- जस्तापाता खरीद सम्बन्धमा ।
- गरीबसंग विश्वेश्वर कार्यक्रमको सम्बन्धमा ।
- निर्माण व्यसायी इजाजत पत्र प्रदान गर्ने सम्बन्धमा ।
- निर्णय अनुमोदन सम्बन्धमा ।
- विविध
  - रोजगार सहायकको करार सम्झौताको म्याद थप सम्बन्धमा ।
  - ३ नं वडा कार्यालयको घरभाडा सम्बन्धमा ।
  - घर निर्माण सम्पन्न प्रमाणपत्र/घरनक्शा पास सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं १ : लागत साझेदारीमा सडक ढलान तथा कालोपत्रेतर्फका योजनाहरुको सम्बन्धमा ।**

नगरपालिकाको ६० र स्थानीय उपभोक्ताको ४० प्रतिशत लागत साझेदारीमा चालु आव २०७८।०७९को सडक ढलान तथा कालोपत्रेतर्फ देहायका योजनाहरु छनौट गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

छनौट भएका योजनाहरु

| क्र सं | योजनाको नाम | वडा नं | कुल लागत | नपाबाट विनियोजित रकम रु कन्टिन्जेन्सी सहित | बजेट शिर्षक |
|---|---|---|---|---|---|
| १ | बेसीशहर चामे सडकदेखि सहजीको खुदी जाने पुरानो सडक कालोपत्रे | ७ | २०७८५१० | १२७८२८४ | संघीय समानीकरण सडक कालोपत्रे लागत साझेदारी |
| २ | सेरा लाल बहादुर श्रेष्ठको घरदेखि मंगलेको घरसम्म सडक कालोपत्रे | ८ | ३०३०८५५ | १८६३९७६ | संघीय समानीकरण सडक कालोपत्रे लागत साझेदारी |
| ३ | जनविकास हाइस्कुल चोकदेखि पूर्वतर्फको सडक ढलान | ७ | ३१७४४२० | १९५२२६८ | संघीय समानीकरण सडक कालोपत्रे लागत साझेदारी |
| ४ | मनास्लु मार्ग पक्की सडक निर्माण | ७ | १००७४६९ | ६१९५९३ | संघीय समानीकरण सडक कालोपत्रे लागत साझेदारी |
| ५ | शान्ति आमा समुह भवन सुयलथोक जाने सिंढी निर्माण | ७ | ३८४९८९ | २३६७६८ | संघीय समानीकरण सडक कालोपत्रे लागत साझेदारी |
| | **जम्मा (१ देखि ५ सम्म)** | | ९६७६२४३ | ५९५०८८९ | |
| ६ | लप्सेचौताराबाट थापा कुलायन हुँदै डाँडागाउँसम्मको सडक ढलान तथा कालोपत्रे | १० | २८६८३१४ | १७६४०१३ | आन्तरिक श्रोत फुटकर योजनाहरु |
| ७ | दल बहादुर खवासको घरबाट ठूलोपँधेरो पिचसम्म पक्की सडक निर्माण, | ८ | ९९२७३९ | ६१०५३४ | आन्तरिक श्रोत फुटकर योजनाहरु |
| ८ | बोहोराबेसी धुँवाखोला डुम्रे बेसीशहर सडक खण्डदेखि सन्त बहादुर बोहोराको घरसम्म जाने घुम्ती सहित पक्की नाली निर्माण | २ | ८१३००८ | ५००००० | आन्तरिक श्रोत फुटकर योजनाहरु |
| ९ | बंशीराम श्रेष्ठको घरदेखि अर्जुन रावलको घरसम्म पर्ने विजय मार्ग ढलान | ७ | २१३५९६५ | १३१३६१८ | आन्तरिक श्रोत फुटकर योजनाहरु |
| १० | वाणिज्य मार्ग सडक कालोपत्रे | ७ | १६८८२०६ | १०३८२४७ | आन्तरिक श्रोत फुटकर योजनाहरु |
| ११ | हरि दनाईको घरदेखि यम बहादुर अधिकारीको जग्गा सम्मको बाटो कालोपत्रे | ८ | १६१५१८५ | ९९३३३९ | आन्तरिक श्रोत फुटकर योजनाहरु |
| १२ | आहालेमूलदेखि दुईथोक साम्दी जोडिनेबाटो बुद्ध मेमोरियलसम्मको सडक कालोपत्रे | ८ ,९ | १७६९११६ | १०८८००६ | आन्तरिक श्रोत फुटकर योजनाहरु |
| | **जम्मा (६ देखि १२ सम्म)** | | ११८८२५३३ | ७३०७७५७ | |

**निर्णय नं २ : सामुदायिक भवनतर्फका योजना सम्बन्धमा ।**

चालु आ.व.२०७८।०७९ मा बेसीशहर नगरपालिका र स्थानीय समुदायको ५०/५० प्रतिशत लागत साझेदारीमा सामुदायिक भवन निर्माण तथा स्तरोन्नतिको लागि देहायका योजनाहरु छनौट गर्ने निर्णय गरियो ।

देहाय:

| क्र सं | योजनाको नाम | वडा नं | विनियोजित रकम रु. | बजेट शिर्षक |
|---|---|---|---|---|
| १ | लालीगुराँस आमा समुह सामुदायिक भवन निर्माण, गाउँभाचोक | १० | ५००००० | संघीय समानीकरण सामुदायिक भवन लागत साझेदारी |
| २ | मालेबगर मरनघाट विश्रामस्थल भवन निर्माण | ६ | ५००००० | संघीय समानीकरण सामुदायिक भवन लागत साझेदारी |
| ३ | शिवशक्ति आमा समुह भवन निर्माण, विम्दाबेसी | ९ | ५००००० | संघीय समानीकरण सामुदायिक भवन लागत साझेदारी |
| ४ | मर्स्याङ्दी कृषक समुह सामुदायिक भवन निर्माण, गैरीगाउँ | १० | ५००००० | संघीय समानीकरण सामुदायिक भवन लागत साझेदारी |
| ५ | शेरा तमु बाबा तथा आमा सेवा समाज भवन निर्माण | ९ | ५००००० | संघीय समानीकरण सामुदायिक भवन लागत साझेदारी |
| ६ | न्यू हिमचुली आमा समुह सामुदायिक भवन निर्माण, उपल्लो साँधु | १० | ५००००० | संघीय समानीकरण सामुदायिक भवन लागत साझेदारी |
| | **जम्मा (१ देखि ६ सम्म)** | | ३०,००,००० | |
| ७ | शान्तिमिलन आमा समुह सामुदायिक भवन निर्माण, पाङ्ग्रेक्यू | १० | ५००००० | आन्तरिक श्रोत फुटकर योजनाहरु |
| ८ | जनचेतना आमा समुह भवन मर्मत सम्भार, | ४ | ३००००० | आन्तरिक श्रोत फुटकर योजनाहरु |
| ८ | लोहनी कुलायन मन्दिर परिसर विश्रामस्थल निर्माण, ठूलो धिमिरे | १ | ३००००० | आन्तरिक श्रोत फुटकर योजनाहरु |
| १० | रतनपुर टोल सुधार संस्थाको अधुरो हल निर्माण | १ | ५००००० | आन्तरिक श्रोत फुटकर योजनाहरु |
| ११ | कन्यादेवी आमा समुह भवन कोठा निर्माण, रातामाटा | १० | २००००० | आन्तरिक श्रोत फुटकर योजनाहरु |
| १२ | सीताराम आमा समुह भवन निर्माण, पण्डीतथोक | ११ | १५०००० | आन्तरिक श्रोत फुटकर योजनाहरु |
| १३ | चिसापानी सामुदायिक आमा समुह भवन निर्माण | २ | ३००००० | आन्तरिक श्रोत फुटकर योजनाहरु |
| | **जम्मा (७ देखि १३ सम्म)** | | २२,५०,००० | |

**निर्णय नं ३ : दलित सामुदायिक भवनतर्फका योजना सम्बन्धमा ।**

चालु आ.व.२०७८।०७९ मा बेसीशहर नगरपालिका र स्थानीय दलित समुदायको क्रमश: ७० र ३० प्रतिशत लागत साझेदारीमा दलित समुदायमा सामुदायिक भवन निर्माण तथा स्तरोन्नतिको लागि देहायका योजनाहरु छनौट गर्ने निर्णय गरियो ।

बेसीशहर नगर कार्यपालिकाको मिति २०७८/०८/०७ गतेको बैठक

देहाय

| क्र.सं | योजनाको नाम | वडा नं | विनियोजित रकम रु. | बजेट शिर्षक |
|---|---|---|---|---|
| १ | चन्दनदेवी आमा समुह दलित सामुदायिक भवन निर्माण | ३ | ५००००० | संघीय समानीकरण दलित सामुदायिक भवन लागत साझेदारी |
| २ | परियार सेवा समाज दलित अधुरो भवन निर्माण | १ | ५००००० | संघीय समानीकरण दलित सामुदायिक भवन लागत साझेदारी |
| ३ | गोदावरी दलित आमा समुह भवन निर्माण, | ३ | ५००००० | संघीय समानीकरण दलित सामुदायिक भवन लागत साझेदारी |
| ४ | दलित सामुदायिक भवन निर्माण | ३ | ५००००० | संघीय समानीकरण दलित सामुदायिक भवन लागत साझेदारी |
| | जम्मा | | २०००००० | |

**निर्णय नं ४ : फुटकर योजना तथा कार्यक्रम छनौट सम्बन्धमा**

चालु आव २०७८।०७९ को आन्तरिक श्रोततर्फको फुटकर योजनाहरु शिर्षकबाट देहायका योजना तथा कार्यक्रमहरुको लागि देहाय अनुसार बजेट विनियोजन गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

देहाय

| क्र.सं | योजनाको नाम | वडा नं | विनियोजित बजेट रु | कैफियत |
|---|---|---|---|---|
| १ | रेडक्रस पुलदेखि साँधु मोटरबाटो निर्माण | १० | २००००० | |
| २ | मकैडाँडा डिस्प्ले बोर्ड जडानस्थल पूर्वाधार निर्माण | ६ | ४००००० | |
| ३ | मनकामना टोल सडक स्तरोन्तति | २ | ३००००० | |
| ४ | गाउँशहर कालिका मुल ढोका निर्माण (थप) | ३ | २५०००० | |
| ५ | झुगरिया खेलकुँद मैदान निर्माण | ४ | २००००० | |
| ६ | पोखरीटोल सिंढी निर्माण | ९ | ३००००० | |
| ७ | काउलेपानी भ्यूटावर मर्मत | ३ | २००००० | |
| ८ | राउतथोक मोटरबाटो निर्माण | १० | २००००० | |
| ९ | त्रिवेणी कप फुटबल प्रतियोगिता सञ्चालन | ७ | ३००००० | |
| १० | फूलबारी मञ्च बाँकी काम सम्पन्न गर्ने | ८ | ५००००० | |
| ११ | तालबराही मन्दिर पूर्वाधार निर्माण | २ | १५०००० | |
| १२ | ९ नं वडा कार्यालय पार्टिसन | ९ | २००००० | |
| १३ | महिला लक्षित सीपमूलक कार्यक्रम सञ्चालन | बेनपा | ५००००० | |
| | जम्मा | | ३७००००० | |

**निर्णय नं ५ : हाते ट्याक्टर खरीद सम्बन्धमा ।**

कृषि यान्त्रिकरण कार्यक्रम अन्तर्गत चालु आवमा रु २८ लाख विनियोजन भएको हुँदा सो रकमबाट कृषकहरुलाई हाते ट्याक्टर खरीद गर्ने साथै कृषकहरुको हाते ट्याक्टरको माग अधिक रहेको हुँदा आन्तरिक

बोतको फुटकर योजनाहरु शिर्षकबाट रु ३० लाख थप गरी हाते ट्याक्टर खरीद गर्ने साथै प्रति ट्याक्टर रु ५८ हजारका दरले नगरपालिकाबाट व्यहोर्ने र बाँकी रकम सम्वन्धित कृषकले व्यहोर्नु पर्ने निर्णय गरियो ।

**निर्णय नं ६ : शिक्षातर्फको बजेट ब्रेकडाउन सम्बन्धमा ।**
चालु आ.व. २०७८।०७९ मा शिक्षातर्फ नगरसभाबाट एकमुष्ठ रुपमा विनियोजित रु १ करोडबजेटलाई देहाय बमोजिम ब्रेक डाउन गर्ने निर्णय गरियो ।

| क.सं | विवरण | संख्या | दर | महिना | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | इसिडि सहयोगी कार्यकता | ४५ | ७००० | १३ | ४०९५००० |
| २ | विद्यालय सहयोगी | ५१ | ७००० | १३ | ४६४१००० |
| ३ | लेखा कर्मचारी | १३ | ३५०० | १३ | ५९१५०० |
| ४ | बुद्धि विकास प्रा.वि. साँधु निजी शिक्षक | १ | १५००० | ८ | १२०००० |
| ५ | स्थानीय पाठ्यक्रम निर्माण | | | | ५००००० |
| ६ | विद्यालय स्टेशनरी | | | | ५२५०० |
| | **जम्मा** | | | | १००००००० |

**निर्णय नं ७ : लघु उद्यम विकास कार्यक्रमतर्फको बजेट ब्रेकडाउन सम्बन्धमा ।**
चालु आ.व.मा लघु उद्यम विकास कार्यक्रमको सशर्त र संघीय राजश्वबाट विनियोजित एकमुष्ठ बजेटलाई देहाय बमोजिक ब्रेक डाउन गर्ने निर्णय गरियो ।

क) सशर्त कार्यक्रमतर्फ

| क.सं. | कियाकलापहरु | विनियोजित बजेट रु. | कैफियत |
|---|---|---|---|
| | **नयाँ उद्यमी सृजना तर्फको कुल बजेट (कुल लक्ष्य ९० जना) वडा नं २,६ र ७** | | |
| १ | उद्यम विकासका लागि सामाजिक परिचालन/वडास्तरीय अभिमुखीकरण समेत | ५१२०० | |
| २ | उद्यमशिलता विकास तालिम | १५३६०० | |
| ३ | प्राविधिक सीपमुलक तालिम प्रदान | ५१२००० | |
| ४ | उपयुक्त प्रविधि पहुँच तथा हस्तान्तरण | ७१६८०० | |
| ५ | लघु कर्जामा पहुँच | २५६०० | |
| ६ | बजारीकरण सेवा | २५६०० | |
| ७ | | | |
| ७.१ | उद्यम विकास सहजकर्ता परिचालन ( चाडबाड खर्च, पोशाक भत्ता समेत) | ७८४५३० | |
| ७.२ | बैठक/अनुगमन/मूल्यांकन | १६२६७० | |

| | | | |
|---|---|---|---|
| १३ | कार्यालय व्यवस्थापन | ५१२०० | |
| १४ | सहजकर्ता दै भ्र भ/ फिल्ड यातायात/खाना खर्च/सञ्चार | ७६८०० | |
| | **कुल बजेट** | **२५६००००** | |
| ८ | भैरहेका उद्यमीहरुको स्तरोन्नती ( पुनर्ताजगि तथा एडभान्स तालिम) वडा नं १ र ११ | ६००००० | |
| ९ | उपयुक्त प्रविधि समुहमा हस्तान्तरण | १४०००० | |
| | **कुल जम्मा** | **३३०००००** | |

ख) संघीय राजश्व नपास्तरीयतर्फ

| क.सं. | कियाकलापहरु | विनियोजित बजेट रु. | कैफियत |
|---|---|---|---|
| क | **१० जना नयाँ लघु उद्यमी सृजना वडा नं ३ र १० तथा स्तरोन्नति (वडा नं ४ र ५) को कुल जम्मा बजेट** | २०००००० | |
| १ | उद्यम विकासका लागि सामाजिक परिचालन/वडास्तरीय अभिमुखीकरण समेत | ५०००० | |
| २ | उद्यमशिलता विकास तालिम | १५०००० | |
| ३ | प्राविधिक सीपमुलक तालिम प्रदान | ५००००० | |
| ४ | उपयुक्त प्रविधि पहुँच तथा हस्तान्तरण | ७००००० | |
| ५ | बैठक/अनुगमन/मूल्यांकन | १००००० | |
| ६ | सहजकर्ता दै भ्र भ/ फिल्ड यातायात/खाना खर्च/सञ्चार | ५०००० | |
| ७ | भैरहेका उद्यमीहरुको स्तरोन्नती ( पुनर्ताजगि तथा एडभान्स तालिम र प्रविधि) वडा नं ४ र ५ | ४५०००० | |
| | **नगरपालिकाको बजेट मार्फत लघु उद्यम विकास कार्यक्रम जम्मा** | २०००००० | |

**निर्णय नं ८ : वडास्तरीय योजना तथा कार्यक्रमहरुको संशोधन सम्बन्धमा ।**

[illegible] वडास्तरीय योजनाहरुलाई देहाय अनुसार ब्रेक डाउन/संशोधन गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

| साविकको योजना | विनियोजित बजेट | हाल कायम गरिएको योजना | विनियोजित बजेट |
|---|---|---|---|
| १.बिपद व्यवस्थापन/विविधि योजना वडा नं ३ | ५७७००० | १.शिवालय मन्दिर पुनः निर्माण | ६०००० |
| | | २.रानीकुवा गाउँशहर मोटरबाटो स्तरोन्नति | १००००० |
| | | ३.वडा कार्यालय जानेबाटो | ३०००० |
| | | ४.बृहस्पतिको घरदेखि समिको चौतारा गोरेटो बाटो | ५०००० |
| | | ५.तिनधारे आमा समुह फर्निचर खरीद | ५०००० |
| | | ६.परिवर्तनशील आमा समुह | २५००० |

| साविकको योजना | विनियोजित बजेट | हाल कायम गरिएको योजना | विनियोजित बजेट |
|---|---|---|---|
| | | ७.अस्थायी प्रहरी चौकी | २५००० |
| | | ८.स्वास्थ्य स्वयंसेविका परिचालन कार्यक्रम | ३०००० |
| | | ९.खेलकुँद सामाग्री खरीद तथा वितरण | १०००० |
| २.कृषि, स्वास्थ्य, शिक्षा, महिला, बालबालिका, अपांग, र असहाय कार्यक्रम बेनपा ९ | ८५०००० | १.हुरहुरे व्याडमिन्टन कोर्ट निर्माण | १००००० |
| | | २.तरकारी र घाँसको विऊ विरुवा वितरण | १००००० |
| | | ३.अपांग असहाय कार्यक्रम | ५०००० |
| | | ४.स्वास्थ्य सामाग्री खरीद कार्यक्रम | ७५००० |
| | | ५.भेडाको साँड तथा बोका वितरण | २००००० |
| | | ६.खेलकुँद सामाग्री खरीद | १००००० |
| | | ७. महिला लक्षित कार्यक्रम | २००००० |
| | | ८. बाल विकास दिवा खाजा कार्यक्रम | २५००० |
| ३.स्वास्थ्यतर्फ बेनपा ११ | ५००००० | १.प्रहरी चौकी स्वास्थ्य सामाग्री खरिद | १५००० |
| | | २.स्वास्थ्य स्वयंसेविका खाजा खर्च | ८०००० |
| | | ३.गर्भवती महिलाहरुको लागि तालिम तथा पौष्टिक आहार कार्यक्रम | १००००० |
| | | ४.वडा कार्यालय स्वास्थ्य सामाग्री खरिद | ५५००० |
| | | ५.ल्याव सामान खरिद | १००००० |
| | | ६.स्वास्थ्य चौकी मर्मत सुधार | १००००० |
| | | ७.मानसिक रोगीका लागि आवश्यक सहयोग गर्न खर्च (कोशिशसंग साझेदारी) | ५०००० |
| ४.विविध तथा कार्यालय सामान खरिद बेनपा ११ | २३३००० | १.बंगुरको भाले खरिद | २०००० |
| | | २.तिलाहार बुढीकुवा गो.वा. सरसफाई | ११४०० |
| | | ३.आँखा र दाँत शिविर खाजा खर्च र यातायात खर्च | ५०००० |
| | | ४.वडा कार्यालय हल पार्टिसन | १०००० |
| | | ५.दोर्दीखोला बाढी पीडित राहत वितरण खर्च | ३०००० |

**निर्णय नं ९ : लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानमा सञ्चालन गर्ने कार्यक्रमको सम्बन्धमा ।**

प्रत्येक वर्ष नोभेम्वर २५ देखि डिसेम्बर १० तारिखसम्म अन्तर्राष्ट्रिय अभियानका रुपमा मनाइने लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान यस वर्ष घरबाटै शुरु गरौं, महिला हिंसा अन्त्य गरौं भन्ने नाराका साथ मनाउने सन्दर्भमा यस बेसीशहर नगरपालिकाबाट पनि विविध कार्यक्रमका साथ मनाउने र यसको लागि महिला लक्षित बजेटबाट रु १ लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं १० : अपांगता दिवस २०७८ मनाउने सम्बन्धमा ।**

प्रत्येक वर्ष डिसेम्बर ३ तारिखका दिन मनाइने अपांगता दिवस यस वर्ष पनि विविध कार्यक्रमका साथ मनाउने सन्दर्भमा सहायता सामाग्री वितरण तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नको लागि अपांगता लक्षित शिर्षकबाट रु १ लाख विनियोजन गर्ने निर्णय गरियो । साथै सो कार्यक्रम सञ्चालनको लागि अपांग संरक्षण समाज तथा लमजुङ नेत्रहीन संघलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं ११ : कोभिड प्रभावित अति विपन्न परिवारलाई नगद हस्तान्तरण कार्यक्रम सम्बन्धमा ।**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय वातावरण तथा विपद् व्यवस्थापन शाखाको च.नं १५९ मिति २०७८/०७/२५ को पत्रानुसार नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी गरिएको मिति २०७८।०७।१५ मा राजपत्रमा प्रकाशित "कोभिड १९ को महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि २०७८" बमोजिम कोभिड १९ को प्रभावबाट रोजगारी र आय आर्जनको अवसर गुमाएका अति विपन्न परिवारलाई नगर हस्तान्तरणको लागि सूचना प्रकाशन गरी योग्य लाभग्राहीहरुको निवेदन वडास्तरमा संकलन गर्ने निर्णय गरियो ।

**निर्णय नं १२ : सहजीकरण समिति गठन सम्बन्धमा ।**

"कोभिड १९ को महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि २०७८" को दफा ८ बमोजिम नगद हस्तान्तरण कार्यको स्थलगत अनुगमन तथा सहजीकरण गर्न देहाय वमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

१. नगर उपप्रमुख श्री लक्ष्मीदेवी अधिकारी -संयोजक

२.कार्यपालिका सदस्य श्री देव बहादुर गहतराज -सदस्य

३. कार्यपालिका सदस्य श्री कृष्णा नेपाली -सदस्य

४.प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत -सदस्य सचिव

**निर्णय नं १३ : सुरक्षित नागरिक आवास कार्यक्रमको सम्बन्धमा ।**

नेपाल सरकारको सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत जस्तापाताबाट घरको छाना निर्माणको लागि प्रति परिवार रु ५० हजारका दरले रकम उपलब्ध गराउने कार्यक्रम अन्तर्गत यस बेसीशहर नगरपालिकाका कुल लक्षित १४२ मध्ये १३९ घर परिवार लाभग्राहीमा छनौट गत आव २०७७।०७८ मा प्रति घर परिवार रु २३ हजारका दरले उपलब्ध गराइ सकिएको र कार्य सम्पन्न भएका १३९ घर परिवारलाई प्रति घर परिवार रु २७ हजारका दरले कुल रु ३७ लाख ५३ हजार आवश्यक देखिएको हुँदा आवश्यक बजेट उपलब्ध गराउने व्यवस्थाको लागि नेपाल सरकार भवन तथा शहरी विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं १४ : जस्तापाता खरीद सम्बन्धमा ।**

चालु आवमा प्रदेश समानीकरण अन्तर्गत विपन्न नागरिक आवास सहयोग कार्यक्रम अन्तर्गत विपन्न नागरिकहरुको नीजि आवास तथा सामुदायिक भवनहरुमा जस्तापाता उपलब्ध गराउनको लागि विनियोजित बजेटबाट जस्तापाता खरीद गर्ने सम्बन्धमा छलफल हुँदा गत बर्षबाट नै जस्तापाताको बजार भाउ बढ्न गएकोले जिल्ला तथा नगरपालिकाबाट स्वीकृत दररेटमा कुनै पनि सप्लायर्स जस्तापाता उपलब्ध गराउन

अवस्था देखिएको र सो महत्वपूर्ण कार्यक्रम जसरी पनि कार्यान्वयन गर्नै पर्ने परिस्थितिमा सप्लायर्सहरुबाट कोटेशन माग गरी सवैभन्दा कम दररेट पेश गर्ने सप्लायर्सबाट खरीद गरी वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं १५ : गरीबसंग विश्वेश्वर कार्यक्रमको सम्बन्धमा ।**

गरीबसंग विश्वेश्वर कार्यक्रम अन्तर्गत चालु आव २०७८।०७९ मा बेसीशहर नगरपालिका वडा नं १० मा वडा समितिको सिफारिश समेतका आधारमा देहायको कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**सञ्चालन गर्ने कार्यक्रम :** समुहका सदस्यहरुलाई गिरीराज कुखुराको चल्ला वितरण कार्यक्रम (बेनपा १०)

बजेट : रु १२५०००।- (एक लाख पच्चीस हजार मात्र)

**निर्णय नं १६ : निर्माण व्यसायी इजाजत पत्र प्रदान गर्ने सम्बन्धमा ।**

प्रक्रिया पुरा गरी पेश हुन आएको देहायको फर्म/कम्पनीलाई बेसीशहर नगरपालिकाबाट प्रदान गरिने घ वर्गको निर्माण व्यवसायी इजाजत्र पत्र प्रदान गर्ने निर्णय गरियो ।

देहाय :

(क) आशिष इञ्जिनियरीङ कन्सल्टेन्सी एण्ड विल्डर्स प्रा.लि., बेसीशहर नपा- ७, (प्रो. श्री त्रिलोचन पौडेल)

(ख) ट्रियो कन्स्ट्रक्सन प्रा.लि., बेसीशहर नपा- १ उदिपुर, (प्रो.श्री गौ बहादुर गुरुङ)

**निर्णय नं १७ : निर्णय अनुमोदन सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको नवौ नगर सभाबाट पारित बेसीशहर नगरपालिकाको कर्मचारी सेवा व्यवस्थापन गर्न बनेको ऐन, २०७८ को परिच्छेद २ को दफा ८ बमोजिम नगर कार्यपालिकाबाट गठित पदपूर्ति समितिले गरेको देहाय बमोजिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र सं | कर्मचारीको नाम थर | ग्रेड वृद्धि/ बढुवा(तह वृद्धि) |
|---|---|---|
| १ | शम्भु प्रसाद घिमिरे | तह वृद्धि |
| २ | हरि बहादुर लोहनी | तह वृद्धि |
| ३ | पुर्ण बहादुर भोलन | तह वृद्धि |
| ४ | सन्तोष कु | तह वृद्धि |
| ५ | दुर्गा कुमारी गुरुङ | तह वृद्धि |
| ६ | सुशिला श्रेष्ठ | निवेदन पेश नभएको हुदाँ निजको हकमा निवेदन पेश भए पश्चात मात्र आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो । |
| ७ | पासाङ जिरेल | ग्रेड वृद्धि |
| ८ | महादेव शाह | ग्रेड वृद्धि |
| ९ | अमर कुमार श्रेष्ठ | ग्रेड वृद्धि |
| १० | धन बहादुर कुताल | ग्रेड वृद्धि |
| ११ | राम प्रसाद अधिकारी | ग्रेड वृद्धि |
| १२ | राम कृष्ण कुवँर | निजहरुले पेश गरेको निवेदन बमोजिम सेवा अवधि पुरा भएपश्चात तह वृद्धि गरिने |
| १३ | विदुर न्यौपाने | |
| १४ | सुजन श्रेष्ठ | |

| | | |
|---|---|---|
| १५ | हरिश्चन्द्र बस्नेत | आवश्यक शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि माग गरिएकोमा निजले उक्त कागजात पेश गरि नसकेको हुँदा निजको हकमा आवश्यक शैक्षिक योग्यताको प्रमाणपत्रहरु पेश भए पश्चात मात्र आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो । |
| १६ | गोपाल बहादुर कुवँर | स्तर वृद्धि (सहायकस्तर चौथो) |
| १७ | बेल कुमारी थापा | ग्रेड वृद्धि |
| १८ | शंकरे दमै | स्तर वृद्धि (तृतिय) |
| १९ | भिम बहादुर घिमिरे | ग्रेड वृद्धि |

**निर्णय नं १८ : विविध/रोजगार सहायकको म्याद थप सम्बन्धमा ।**

रोजगार सेवा केन्द्रमा सेवा करारमा कार्यरत प्राविधिक सहायक श्री सुधिर कुमार श्रेष्ठको मिति २०७८ कार्तिक १९ गतेदेखि सम्झौता अवधि समाप्त भएकोले सोही मितिदेखि नै लागु हुने गरी मिति २०७९ आषाढ मसान्तसम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं १९ : विविध/ ३ नं वडा कार्यालयको घरभाडा सम्बन्धमा ।**

३ नं वडा कार्यालयको लागि प्रविधिक समेत रहँदा थप कोठा भाडामा लिनु पर्ने भएकोले थप १ कोठा भाडामा लिने निर्णय गरियो ।

**निर्णय नं २० : विविध/ घर निर्माण सम्पन्न प्रमाणपत्र दिने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ७ निवासी निरी बस्नेतको घर नक्शा पास गर्ने बेलामा झिंगेखोलाको डिलदेखि २.५ मिटर set back छाडी घर निर्माण गर्नुपर्ने अनुमति दिईएको तर घर निर्माण गर्ने क्रममा top निकाली घर निर्माण भएको हुँदा कुनै ठाउँमा set back distance २.५ मिटर भन्दा कम भएको तथापी पिल्लरहरु २.५ मिटर भन्दा बढी दुरीमै निर्माण भएकोले घर निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं २१ : विविध/ घर नक्शा पास सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ८ पेन्सन क्याम्प नजिक सितादेवी पाण्डेले नक्शा पास गर्ने क्रममा उत्तरतर्फको भागमा गोरेटो बाटो देखिएको र हाल उक्त गोरेटो बाटो प्रयोगमा नरहेको र छिमेकीलाई नक्शा पास गर्दा असर नपर्ने देखिएकोले उक्त गोरेटो बाटोको थप मापदण्ड छाड्नु नपर्ने गरी नक्शा पास प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।